# जिल्ला समन्वय समिति

राजबिराज

## २ नं.प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. : २९
प्राप्त पत्र संख्या र मिति :

मिति : २०७५।०२।१५

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,सिंहदरबार,काठमाण्डौं ।

विषयः- जानकारी सम्बन्धमा ।

उपरोक्त विषयमा जिल्ला समन्वय समिति बोर्डको मिति : २०७५।०२।१५ गतेमा बसेको बैठकबाट देहाय बमोजिमको निर्णय भएकोले निर्णय कार्यान्वयनको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

देहाय :

**१.नेपालको संविधान २०७२ को धारा २२० को उपधारा (७) मा व्यवस्था भए बमोजिम जिल्ला भित्रका गाउँपालिका/नगरपालिका र जिल्लामा रहने संघीय र प्रदेश मातहतका सरकारी कार्यालयहरुको सञ्चालित विकास कार्यहरुको प्रभावकारी नियमनकारी समन्वय,सन्तुलन र निरीक्षण/अनुगमन गर्ने गरी कार्यान्वयन गर्ने भूमिका जिल्ला समन्वय समितिलाई उपलब्ध गराउन प्रदेश कानून निर्माणको लागि प्रदेश सरकार र संघीय सरकारका प्रधानमंत्री तथा मन्त्रीपरिषद्को कार्यालयमा लेखी पठाउने सर्वसम्मतिबाट निर्णय गरियो ।**

प्रभाकर यादव

प्रमुख

प्रमुख

# जिल्ला समन्वय समिति

राजबिराज

२ नं.प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. : २०
प्राप्त पत्र संख्या र मिति :

मिति : २०७५।०२।१५

श्री प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,जनकपुरधाम,धनुषा ।

विषयः- जानकारी सम्बन्धमा ।

उपरोक्त विषयमा जिल्ला समन्वय समिति बोर्डको मिति : २०७५।०२।१५ गतेमा बसेको बैठकबाट देहाय बमोजिमको निर्णय भएकोले निर्णय कार्यान्वयनको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

देहाय :

१. जिल्ला समन्वय समितिका सदस्यहरुको पारिश्रमिक सम्बन्धमा अधिकांश प्रदेशहरुमा सबै पदाधिकारीहरुको पारिश्रमिक निर्धारण गरिएको हुँदा नेपालको संविधान २०७२ को धारा २२ को उपधारा (८) मा व्यवस्था भए बमोजिम जिल्ला समन्वय समितिका सदस्यहरुले पाउने सुविधा तथा जिल्ला सभा सम्बन्धि अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ भनि उल्लेख रहेको हुँदा जि.स.स. सदस्यहरुलाई पारिश्रमिक निर्धारणको लागि प्रदेश नं. २ को मुख्यमंत्री तथा मन्त्रीपरिषद्को कार्यालय,जनकपुरधाममा लेखी पठाउने सर्वसम्मतिबाट निर्णय गरियो ।

२.नेपालको संविधान २०७२ को धारा २२० को उपधारा (७) मा व्यवस्था भए बमोजिम जिल्ला भित्रका गाउँपालिका/नगरपालिका र जिल्लामा रहने संघीय र प्रदेश मातहतका सरकारी कार्यालयहरुको सञ्चालित विकास कार्यहरुको प्रभावकारी नियमनकारी समन्वय,सन्तुलन र निरीक्षण/अनुगमन गर्ने गरी कार्यान्वयन गर्ने भूमिका जिल्ला समन्वय समितिलाई उपलब्ध गराउन प्रदेश कानून निर्माणको लागि प्रदेश सरकार र संघीय सरकारका प्रधानमंत्री तथा मन्त्रीपरिषद्को कार्यालयमा लेखी पठाउने सर्वसम्मतिबाट निर्णय गरियो ।

प्रभाकर यादव

प्रमुख

प्रमुख